खबर नागरिक
KHABAR NAGARIK
E-paper
खबर नागरिकको समाचार हाम्रो

खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो
www.khabarnagarik.com CLICK

Khabar Nagarik | खबर नागरिक | २०८२ चैत्र ३ गते मंगलबार (Tuesday 17 Mar. 2026) | www.khabarnagarik.com

# एक महिनामा १ करोड ८८ लाखको अवैध सामान नियन्त्रणमा

**खबर नागरिक**

भैरहवा ।

जिल्ला प्रहरी कार्यालय रुपन्देही र मातहत युनिटहरुले एक महिनाको अवधिमा भन्सार चोरी निकासी गरी भारतबाट नेपाल अवैध रुपमा ल्याउदै गरेको झण्डै २ करोडको सामान बरामद गरेको छ । यस्तै अदालतबाट दोषी ठहर भएर कैद, जरिवाना वा दुवै सजाए तोकेर भुक्तान नगरेका फरार प्रतिवादी रहेका १२ जना र चालु मुद्धाका ७८ जना प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ।

रुपन्देहीको प्रहरी पछिल्लो समय तस्करहरुमा निर्मम बनेसँगै जिल्ला प्रहरी कार्यालय र मातहतका युनिटले १ करोड ८८ लाख १३ हजार ६९८ रुपैया बराबरको तस्करीका समान र तस्करीका लागि प्रयोग भएको साधन नियन्त्रणमा लिएको हो । सिमाबाट हुने अवैध कारोबारलाई रोक्न कडा रुपमा प्रस्तुत भएको नेपाल प्रहरीले छोटो अवधिमा भन्सार राजश्व दाखिला बढाएको छ । मौलाउदै गरेको तस्करीलाई रोक्न एसपीको कमाण्डले सबै युनिट इन्चार्जहरुलाई निर्देशन दिदै दैनिक अवैध गतिविधी नियन्त्रणमा लागेका छन । जिल्ला प्रहरी कार्यालयले दिएको सूचना अनुसार एक महिनाको अवधिमा

राजश्व चुहावट तथा भन्सार छली नियन्त्रण तर्फ १८ जनालाई पक्राउ गरिएका संल्गन ६० वटा मोटरसाइकल, ४ वटा छोटा हाती नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागी पठाइएको छ।

यो तथ्याङले प्रहरीले तस्करी मात्र नभई तस्करीका लागि प्रयोग हुने साधन र तस्करी गर्ने व्यक्ति प्रति पनि निर्मम रहेको देखिन्छ। यसअघि बेवारिसे अवस्थामा समानहरु बरामद हुने गरेका थिए भने अहिले व्यक्ति सहित अवैध समानहरु बरामद भइरहेका छन् ।

यसका अलावा एक महिनाको दौरान अवैध रुपमा पशुपंक्षीको कारोबार तथा ओसारपसार गर्ने ३९ वटा मोटरसाइकल सहित १ हजार ३७ वटा कुखुरा नियन्त्रणमा लिई कारावाही गरिएको छ। जसको मुल्य ८ लाख ६५ हजार ८ सय रहेको छ



फागुन महिनामा मात्रै १८ जनालाई नियन्त्रणमा लिइएको बताउदै एसपी जनक बहादुर शाहीले तस्करको मनोबल गिराउन र सिमितले मात्रै फाइदा लिइरहेको पाएकोले तस्करीप्रति निर्मम बनेको हो यसले राज्यलाई केही फाइदा पूग्ने बताए ।

रुपन्देही प्रहरीले पछिल्लो समय अदालतको फैसला कार्यान्वयन गर्न फरार प्रतिवादी खोजी गर्ने काममा समेत आक्रमक रुपमा लागेको छ । सजाय फैसला भएका त्यस्ता व्यक्तिहरु समाजमा खुलेआम घुमफिर गर्नु पनि सुरक्षा चुनौतिको रुपमा रहेकोले पक्राउ गरिएको रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरिक्षक शाहीले बताए । फौजदारी र देवानी दुवै प्रकृतिको मुद्दामा फरार प्रतिवादीहरूलाई निरन्तर पक्राउ गरिरहेको छौ, जसका लागि हामीले अभियान नै चलाएर निर्ममताका साथ काम गरिरहेको छौ । हामीले एक महिनाको अवधिमा फैसला कार्यान्वयनको शिलशिलामा विभिन्न मुद्धामा फरार रहेका १२ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरी ११ बर्ष ६ महिना १५ दिन कैद असुलउपर र १७ लाख १६ हजार ४८४ रुपैया जरिवाना असुल उपर गराइएको छ।

एक महिनाको अवधिमा ६२ वटा जघन्य तथा गम्भिर अपराध , ५ वटा महिला बालबालिक सम्बन्धी अपराध । ३७ वटा आर्थिक अपराध गरी १ सय ४ वटा मुदा दर्ता भएकोमा चालु मुद्धाको ७८ जना प्रतिबादीलाई पक्राउ गरिएको छ। यस्तै ११ वटा लागुस औषध तर्फ मुद्धा दर्ता भई २१ जनालाई नियन्त्रणमा लिइएको छ।

नियमित कामसँगै जिल्लामा शान्ति सुरक्षा तथा अमनचयन कायम राख्न सुरक्षा योजना बनाई जिम्मेवारी हाकी रहेका एसपीले चोरी तस्करी मात्रै होइन विभिन्न घटनाहरुको सफल अनुसन्धान गरेका छन भने केही हुदै गरेको बताए । भारतबाट नेपालतर्फ चोरी पैठारी गर्न लागिएको कपडा, चिनी, प्याज, कपडा, खाद्यन्न, हार्डवेयर, मोटर पार्टस, उपभोग्य सामान तथा ओसार पसारमा प्रयोग भएका साधन समेत नियन्त्रणमा आइरहेको छ । खुला सीमा नाकाको फाइदा उठाएर हुने गरेको अवैध भन्सार चोरी पैठारीमा कडाई गर्न कुनै कसर बाँकी नराखेको एसपीको भनाई छ।

यस्तै रुपन्देहीका बिभिन्न स्थानहरुबाट प्रकृतिक सम्पदा दोहन नियन्त्रण तर्फ अबैध गिट्टिबालुवा, माटो उत्खनन कार्यमा संलग्न ट्याक्टर २ वटा, जेसिभी २ वटा, टिप्पर ५ वटा नियन्त्रणमा लिई आवश्यक कारवाहीको सम्बन्धित स्थानिय निकायमा पठाइएको छ भने यसबाट पनि १ लाख ७० हजार जरिवाना असुल गरिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी कृष्ण कुमार चन्दले जानकारी दिए।

यस्तै जिल्ला प्रहरी कार्यालय महिला सेलले घरेलु हिंसाका घटनालाई प्राथकिमताका साथ सम्बोधन गरेको छ । बालबालिका तथा जेष्ठ नागरिक सम्बनधी आएकोमा ४४ वटा उजुरी आएकोमा ३५ वटा मिलापत्र भएको छ।

कार्यालयका अनुसार जिल्ला भर एक महिनको अवधिमा १५ जनाले झुण्डी आत्महत्या, ३ जनाले विष सेवन गरि १८ जनाले आत्महत्या गरेका छन ।

## फोहोरमैला बर्गीकरण सम्बन्धि सूचना

सिद्धार्थनगर नगरपालिकाको दिर्घकालिन फोहोरमैला व्यवस्थापनका लागी फोहोरमैला बर्गीकरण भएपश्चात मात्र फोहोर उठाउने कार्यक्रम रहेकोले सबै नगरबासीहरुले मिति २०८२ चैत्र १७ सम्म आफ्नो पसल, होटल, निजी घर, संघ/संस्था र विद्यालय लगायतबाट उत्पादन हुने फोहोरहरु देहाय बमोजिम बर्गीकरण गर्नुहुन यो सूचना प्रकाशन/प्रशारण गरिएको छ । फोहोर बर्गीकरण नगर्नेको फोहोर नउठाउने निर्णय भएको यहाँलाई अवगत गराइन्छ ।

**१. कुहिने जैविक फोहोर** : घरेलु फोहोरमैला ( खाना पकाउदा बाँकी रहेका अवशेष, भात, दाल, तरकारी तथा फलफुलका बोक्रा, सागसब्जी, पातिङ्गर, घास, चिया तथा कफिका अवशेष आदी कुहिने फोहोर) जस्ता सडिंगलि जाने प्रकृतिका घरायसी वस्तुहरु,

**२. नकुहिने (अजैविक) फोहोर**: प्लाष्टिक, पोलिथिन, रबर, कपडा, जुत्ता, ब्याट्रि विद्युतिय समानहरुका अवशेष जस्ता सडिगली नजाने प्रकृतिका फोहोरहरु,

**३. नकुहिने (अजैविक) फोहोर** : सिसा, काँच, धातु, टिन लगायत सडिगली नजाने प्रकृतिका कवाडहरु

नोटः उल्लेखित प्रकृतिका फोहोरहरु बर्गीकरण नगरिएमा नगरपालिकाले फोहोरमैला नउठाउने र सोको व्यवस्थापन स्वंयम आफैले गर्नुपर्नेछ। फोहोरमैला जथाभावी सडक पेटी तथा सार्वजनिक स्थलमा फालेको पाइएमा कानुन बमोजिम न्यूनतम रु. ५ हजार देखि माथी फोहोरको प्रकृति अनुसार जरिवाना लाग्नेछ। मिति २०८२ चैत्र १८ गते देखि बर्गीकरण नभएको फोहोर संकलन नहुने हुँदा सबैले फोहोर बर्गीकरण गर्ने कार्यमा सहयोग गर्नुहुन अनुरोध गरिएको छ।

सिद्धार्थनगर नगरपालिका
रुपन्देही